# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) विराटनगर, नेपाल, श्रावण १८ गते, २०७७ साल (अतिरिक्ताङ्क १६


## भाग १

### प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०७७ सालको ऐन नं. ५

**प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को संशोधन गर्ने सम्वन्धमा बनेको ऐन**

**प्रस्तावना:** प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ लाई समयानुकूल संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. १ को प्रदेश सभाले यो ऐन बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**प्रदेश सवारी तथा यातायात व्यवस्था (पहिलो संशोधन) ऐन, २०७७**" रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ।

२. **प्रदेश सवारी तथा यातायात व्यवस्था ऐनको दफा १५ मा संशोधनः** प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ (यस पछि मूल ऐन भनिएको) को दफा १५ को उपदफा (१) मा "अधिकार प्राप्त अधिकारीले तोकिए बमोजिम जरिवाना गर्नेछ" भन्ने शब्दहरुको सट्टा "दफा १५८ को उपदफा (५क.) बमोजिम जरिवाना हुनेछ" भन्ने शब्दहरु राखिएका छन्।

३. **मूल ऐनको दफा ३१ मा संशोधनः** मूल ऐनको दफा ३१ को उपदफा (१) मा रहेको "तीन महिना भित्र" भन्ने शब्दहरुको सट्टा "नव्वे दिन भित्र" भन्ने शब्दहरु राखिएका छन्।

४. **मूल ऐनको दफा ३७ मा संशोधनः** दफा ३७ को उपदफा (४) मा "आधारमा" भन्ने शब्दको सट्टा "आधार" शब्द राखिएको छ।

५. **मूल ऐनको दफा ४७ मा संशोधनः** मूल ऐनको दफा ४७ को देहायको व्यक्ति चालक अनुमतिपत्र प्राप्त गर्न अयोग्य मानिने छ भन्ने व्यवस्था अन्तर्गत रहेको खण्ड (छ) झिकिएको छ।

६. **दफा ५४ मा संशोधनः** मूल ऐनको दफा ५४ को उपदफा (३) पछि देहायको उपदफा (३क.) थप गरिएको छः-

(३क.) चालक अनुमतिपत्रमा अरु सवारी समावेश गर्न चाहने चालकले मान्यता प्राप्त स्वीकृत चिकित्सकले दिएको निरोगिताको प्रमाणपत्र अधिकारप्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

७. **मूल ऐनको दफा ८३ मा संशोधनः** मूल ऐनको दफा ८३ मा रहेको "पाँचहजार सम्म" भन्ने शब्दहरुको सट्टा "दुईहजार देखि पाँच हजार रुपैयाँ सम्म" भन्ने शब्दहरु राखिएका छन्।

८. **मूल ऐनको दफा ९० मा संशोधनः** दफा ९० को उपदफा (३) मा रहेको" पुनः म्याद समाप्त भएको छ महिना भित्र" भन्ने शब्दहरुको सट्टा "पुनः म्याद समाप्त भएपछि" भन्ने शब्दहरु राखिएका छन् ।

९. **<u>दफा ९४ मा संशोधनः</u>** मूल ऐनको दफा ९४ को उपदफा (१) मा रहेको प्रदेश मन्त्रालयले एक परामर्श समिति गठन गर्नेछ । सो समिति सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. **<u>मूल ऐनको दफा १०२ मा संशोधनः</u>** दफा १०२ को उपदफा (२) मा रहेको "सवारी साधनको" भन्ने शब्दहरुको पछाडि "बाटो" भन्ने शब्द थप गरिएको छ।

११. **<u>दफा १५६ मा संशोधनः</u>** मूल ऐनको दफा १५६ मा देहायको संशोधन गरिएकोः-

(१) दफा १५६ मा रहेको "प्रशिक्षण केन्द्र" भन्ने शब्दहरु पछिको (,) झिकिएको छ।

(२) दफा १५६ को उपदफा ३ मा रहेको "प्रशिक्षण केन्द्र" भन्ने शब्दहरुपछिको (,) र "कारखाना" भन्ने शब्द झिकिएको छ।

१२. **<u>मूल ऐनको दफा १५८ मा संशोधनः</u>** (१) मूल ऐनको दफा १५८ को उपदफा २ को खण्ड (क), (ख) र (ग) मा देहाय बमोजिमको संशोधन गरिएको छः-

(क) "पाँचहजार रुपैयाँ सम्म" भन्ने शब्दहरुको सट्टा "दुईहजार देखि पाँचहजार रुपैयाँ सम्म" भन्ने शब्दहरु राखिएको।

(ख) "दशहजार रुपैयाँ सम्म" भन्ने शब्दहरुको सट्टा "पाँचहजार देखि दशहजार रुपैयाँ सम्म" भन्ने शब्दहरु राखिएका छन्।

(ग) "वीसहजार रुपैयाँ सम्म" भन्ने शब्दहरुको सट्टा "दशहजार देखि वीसहजार रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन्।

(२) मूल ऐनको दफा १५८ को उपदफा (३) मा रहेको "पाँचहजार रुपैया सम्म" भन्ने शब्दहरुको सट्टा "तीनहजार देखि पाँचहजार रुपैया सम्म" भन्ने शब्दहरु राखिएका छन्।

(३) मूल ऐनको दफा १५८ को उपदफा (५) पछि देहायको उपदफा (५क.) थप गरिएको छः-

(५क.) "दफा १५ को विपरित हुने गरी काम कारवाही गर्ने, गराउने व्यक्ति, फर्म वा कम्पनीलाई प्रत्येक दिनकोलागि रु एक हजार रुपैयाँ सम्मका दरले तोकिए बमोजिमको अधिकार प्राप्त अधिकारीले जरिवाना गर्नु पर्नेछ"।

१३. <u>**मूल ऐनको दफा १६१ मा संशोधनः**</u> मूल ऐनको दफा १६१ को उपदफा (१) को पहिलो हरफमा रहेको "सवारी दुर्घटनालाई" शब्दको सट्टा "सवारी दुर्घटनाबाट" भनी आनुसांगिक सुधार गरिएको ।

१४. <u>**मूल ऐनको दफा १८० मा संशोधनः**</u> मूल ऐनको दफा १८० मा "आवश्यक नियमहरु" भन्ने शब्दहरु पछि "कार्यविधि र निर्देशिका" भन्ने शब्दहरु थप गरिएको।

१५. <u>**मूल ऐनको अनुसूची २ मा संशोधनः**</u> मूल ऐनको अनुसूची २ को द्रष्टव्य नं. १ मा देहायको संशोधन गरिएको छः-

अनुसूची-२ को द्रष्टव्य नं. १ मा रहेको "माथिको आधा भाग रातो र तल्लो आधा भाग सेतो रङ्गको अक्षर र अंकमा हुनु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "माथिको आधा भाग रातो प्लेटमा सेतो रङ्गको अक्षर र अंक र तल्लो आधा भागमा सेतो प्लेटमा रातो रङ्गको अक्षर र अंकमा हुनु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

**प्रमाणीकरण मितिः- २०७७/०४/१८**

**आज्ञाले,**
**कमल बहादुर थापा**
**निमित्त प्रदेश सचिव**



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**